22 October 2024

सबैभन्दा पहिला आजका मुख्य समाचार

- रुसका राष्ट्रपति श्री पुटिनसँग प्रधानमन्त्री श्री मोदीको द्विपक्षीय वार्ता
- रुस–युक्रेन द्वन्द्व शान्तिपूर्ण ढंगले समाधान गर्न श्री मोदीले दिनुभयो जोड
- देशका सबै दूग्ध उत्पादक किसानहरूलाई दोस्रो श्वेत क्रान्तिसँग जोडिने श्री शाहको भनाई
- जल संरक्षणमा राज्य सरकारहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने राष्ट्रपतिको विचार
- झारखण्ड विधानसभा चुनाउको दोस्रो चरण अनि महाराष्ट्र विधानसभा चुनाउका लागि अधिसूचना जारी, अनि
- भारत र सिंगापुर स्वचालन र कृत्रिम बुद्धिमत्ता जस्ता विशिष्ट क्षेत्रमा सहयोग बढाउन सहमत

प्रधानमन्त्री - रुस

रुसको कजानमा १६औं ब्रिक्स शिखर सम्मेलनका क्रममा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज रुसका राष्ट्रपति श्री भ्लादिमिर पुटिनसँग द्विपक्षीय वार्ता गर्नुभयो।

वार्ताका क्रममा श्री मोदीले रुस–युक्रेन द्वन्द्व शान्तिपूर्ण ढंगले समाधान गर्नुपर्ने भारतको अडान दोहोऱ्याउनु भयो। उहाँले मानवीय प्रयासलाई प्राथमिकता दिएर यस क्षेत्रमा शान्ति र स्थायित्वको प्रारम्भिक पुनर्स्थापनालाई भारतले समर्थन गर्ने बताउनु भयो। यस दिशामा भारत सम्भव भएजति सहयोग गर्न तयार रहेको श्री मोदीले बताउनुभयो । उहाँले हालको रुस भ्रमणले दुई देशबीचको सद्भाव र गहिरो मित्रता झल्काउने बताउनुभएको छ।

प्रधानमन्त्री श्री मोदीले कजानमा भारतको नयाँ वाणिज्य दूतावासको उद्घाटनले दुई देशबीचको सम्बन्धलाई थप बलियो बनाउने बताउनुभएको छ। उहाँले विगत १५ वर्षमा ब्रिक्सले आफ्नो छुट्टै पहिचान बनाएको र अहिले विश्वका धेरै देश यस समूहमा आबद्ध हुन इच्छुक रहेको बताउनु भयो ।

कजानमा वाणिज्य दूतावास स्थापना गर्ने भारतको निर्णयको रुसका राष्ट्रपतिले स्वागत गर्नुभएको छ।

यसअघि, कजानमा श्री मोदीलाई भारतीय समुदायले न्यानो स्वागत गरेका थिए।

भोलिदेखि सुरु हुने दुई दिने ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुन प्रधानमन्त्री आज कजान जानुभएको हो। ब्रिक्स समूहमा ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका सदस्य रहेका छन् ।

अमित शाह

केन्द्रीय गृह एवम् सहकारिता मन्त्री श्री अमित शाहले भन्नुभएको छ, भारतले निकट भविष्यमा सहकारी पूर्वाधारका लागि देशका सबै आठ करोड दूग्ध उत्पादक किसानहरूलाई दोस्रो श्वेत क्रान्तिसँग जोड्ने तयारी गरिरहेको छ।

आज आनन्दमा राष्ट्रिय दुग्ध विकास बोर्डको हीरक जयन्ती समारोहलाई सम्बोधन गर्दै श्री शाहले अहिले डेढ करोड दूग्ध उत्पादक कृषक सहकारीमा आबद्ध रहेको र अधिकांश दुग्ध किसानको शोषण भइरहेको बताउनु भयो ।

श्री शाहले भारतको दुग्ध क्षेत्र वार्षिक ६ प्रतिशतको दरले बढिरहेको बताउनु भयो । यो विश्वको औसत वृद्धिभन्दा धेरै रहेको छ । उहाँले दूग्ध उत्पादक किसानको आर्थिक विकास र दुग्ध उद्योगको सफलतामा राष्ट्रिय दुग्ध विकास बोर्डको महत्वपूर्ण योगदानको पनि प्रशंसा गर्नुभयो । श्री शाहले भारतीय जनता पार्टीको सरकारले आगामी ५ वर्षमा देशमा दुई लाख सहकारी समिति स्थापना गर्ने योजना बनाएको पनि खुलासा गर्नुभयो ।

कार्यक्रममा श्री शाहले राष्ट्रिय दुग्ध विकास बोर्डको नयाँ परिसरको उद्घाटन गर्नुका साथै बोर्डका धेरै किसान केन्द्रित परियोजनाहरूको पनि अनावरण गर्नुभयो।

राष्ट्रपति-राष्ट्रिय जल पुरस्कार

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा पाँचौं राष्ट्रिय जल पुरस्कार, २०२३ प्रदान गर्नुभयो । नौ विधामा ३८ विजेतालाई यी पुरस्कार प्रदान गरिएको थियो। यसमा उत्कृष्ट राज्य, जिल्ला, ग्राम पञ्चायत, शहरी स्थानीय निकाय, उत्कृष्ट जल प्रयोगकर्ता संघ र उत्कृष्ट नागरिक समुदाय समावेश छन्।

यस अवसरमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले जलजीवन मिशन अन्तर्गत सरकारले देशका 78 प्रतिशतभन्दा धेरै ग्रामीण घरमा नलको पानीको जडान गराएको बताउनुभयो। राष्ट्रपतिले जलजीवन मिसनका कारण ग्रामीण क्षेत्रका जनताको जीवनमा उल्लेख्यनीय सुधार आएको बताउनुभयो ।

उहाँले जल संरक्षणमा राज्य सरकारहरूले महत्वपूर्ण भूमिका निर्वाग गर्नुपर्ने बताउनुभयो । राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले जमिनमुनिको पानी घट्दै गएकोमा गम्भीर चिन्ता व्यक्त गर्नुभयो ।

TMC सांसद निलम्बित

वक्फ (संशोधन) विधेयक 2023 माथि संसदको संयुक्त समितिले तृणमूल कंग्रेसका सांसद श्री कल्याण बनर्जीलाई समितिको बैठकमा उपस्थित हुनबाट एक दिनको लागि निलम्बन गरेको छ। संसद भवनमा आज बसेको समितिको बैठकमा उहाँको अभद्र व्यवहारपछि यस्तो निर्णय गरिएको हो ।

विधानसभा अनि उप चुनाउ

निर्वाचन आयोगले आज झारखण्ड विधानसभा चुनावको दोस्रो चरण अनि एकै चरणमा हुने महाराष्ट्र विधानसभा चुनाउका लागि अधिसूचना जारी गऱ्यो। यस चरणमा 20 नोभेम्बरको दिन मतदान हुनेछ भने मतगणना 23 नोभेम्बरमा हुनेछ।

अर्कोतिर, केरलमा, आगामी महिनाको 13 तारिख वायनाड लोकसभा निर्वाचन क्षेत्र, अनि चेलाक्करा र पलक्कड विधानसभा क्षेत्रहरूमा हुने उपचुनावका लागि प्रचारप्रसार तीव्र भएको छ। वायनाडबाट कंग्रेस उम्मेदवार श्रीमती प्रियंका गान्धीले भोलि आफ्नो नामाङ्कन पत्र दर्ता गर्नुहुनेछ। मनोनयन अघि उहाँले रोड शो पनि गर्ने कार्यक्रम छ। उहाँसँगै लोकसभामा विपक्षका नेता तथा वायनाडका पूर्व सांसद श्री राहुल गान्धी, कंग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खड्गे, पार्टी नेतृ श्रीमती सोनिया गान्धी र राज्यका अन्य नेताहरू पनि रोड शोमा सहभागी बन्नुहुनेछ।

राजनाथ-भारत-सिंगापुर

भारत र सिंगापुर स्वचालन र कृत्रिम बुद्धिमत्ता जस्ता विशिष्ट क्षेत्रमा सहयोग बढाउन सहमत भएका छन्। रक्षा मन्त्री श्री राजनाथ सिंह र सिंगापुरका रक्षा मन्त्री डा. एनजी इङ्ग हेनले आज नयाँ दिल्लीमा छैठौं भारत-सिंगापुर रक्षामन्त्री स्तरीय वार्ताको सह-अध्यक्षता गर्नुभयो। उहाँहरूले दुई देशबीचको बढ्दो रक्षा सहयोगप्रति सन्तुष्टि व्यक्त गर्नुभयो। दुवै पक्ष साइबर सुरक्षा जस्ता उदीयमान क्षेत्रमा रक्षा सहयोग बढाउन सहमत भएका छन्। दुवै देशले संयुक्त सैन्य तालिमसम्बन्धी द्विपक्षीय सम्झौतालाई थप पाँच वर्षका लागि लम्ब्याउने सहमति व्यक्त गरेका छन्। बैठकमा सिंगापुरका रक्षामन्त्रीले भारत एसियाको शान्ति र स्थिरताका लागि महत्वपूर्ण स्वर भएको स्वीकार गर्नुभयो।

सेना प्रमुख- भारत-चीन

सेना प्रमुख श्री उपेन्द्र द्विवेदीले दुई देशका सेनाबीचको गस्ती प्रक्रियामा काम गर्नु भारत र चीनबीचको विश्वास पुनर्स्थापनाका लागि निर्णायक हुने बताउनु भएको छ। नयाँ दिल्लीमा आयोजित एक कार्यक्रममा जनरल द्विवेदीले यस्तो आशयको जानकारी दिनुभएको हो। पूर्वी लद्दाखमा वास्तविक नियन्त्रण रेखामा गस्ती व्यवस्थापनमा भारत र चीनबीच हालै भएको समझदारीमाथि टिप्पणी गर्दै जनरल द्विवेदीले भन्नुभयो, दुबै पक्षको मुख्य उद्देश्य अप्रेल 2020 अघिको यथास्थितिमा फर्कनु हो। उहाँले दुवै पक्षले चरणबद्ध रुपमा सेना हटाउने प्रक्रिया अगाडि बढाउन एक अर्कालाई आश्वस्त गर्नुपर्ने बताउनु भयो ।

सीतारामन कोलम्बिया सत्र

न्यूयोर्कको कोलम्बिया युनिभर्सिटीमा आयोजित एक सत्रमा वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले गैर निष्पादित परिसम्पत्ति अनि उच्च पूंजी प्रचुरता अनुपातको न्यून स्तरसँगै भारतको बैंकिङ प्रणाली बलियो रहेको बताउनु भएको छ। उहाँले बजार विनिमय दरका हिसाबले

भारत हाल विश्वको पाँचौं ठूलो अर्थव्यवस्था भएको र आगामी पाँच वर्षमा विश्व वृद्धिमा भारतको योगदान दुई सय आधार अंकले बढ्ने सम्भावना रहेको बताउनु भयो।

चक्रवात दाना

बङ्गालको खाडीमा बनेको भीषण चक्रवात दाना बलियो हुँदै अघि बढीरहेको छ र पूर्वी मध्य बंगालको खाडीमा दबाउ सिर्जना भएको छ। बिहीबार अथवा शुक्रबार राति ओडिशाको तटक्षेत्रमा ठूलो चक्रवाती आँधी आउने सम्भावना छ। मौसम विभागले चक्रवातका कारण ओडिशाका धेरै ठाउँमा मुसलधारे पानी पर्ने सम्भावना रहेको जनाएको छ ।

मुख्य समाचार फेरि एकपल्ट

- रुसका राष्ट्रपति श्री पुटिनसँग प्रधानमन्त्री श्री मोदीको द्विपक्षीय वार्ता
- रुस–युक्रेन द्वन्द्व शान्तिपूर्ण ढंगले समाधान गर्न श्री मोदीले दिनुभयो जोड
- देशका सबै दूग्ध उत्पादक किसानहरूलाई दोस्रो श्वेत क्रान्तिसँग जोडिने श्री शाहको भनाई
- जल संरक्षणमा राज्य सरकारहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने राष्ट्रपतिको विचार
- झारखण्ड विधानसभा चुनाउको दोस्रो चरण अनि महाराष्ट्र विधानसभा चुनाउका लागि अधिसूचना जारी, अनि
- भारत र सिंगापुर स्वचालन र कृत्रिम बुद्धिमत्ता जस्ता विशिष्ट क्षेत्रमा सहयोग बढाउन सहमत